२०८०।१०।१९

मितिः२०८०।१०।१९ गते शुक्रबार

निर्णयहरु

<table>
<tr><th>सि नं</th><th>विषय</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>समीक्षा सम्बन्धमा</td><td>मिति २०८०।१०।१९ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।
समिक्षामा पाइएको बिषयहरूः
१. कार्यान्वयन चरणमा रहेको पाइयो।</td></tr>
<tr><td>२</td><td>अर्धबार्षिक समिक्षा सम्बन्धमा।</td><td>यस लेटाङ नगरपालिकाको आ.व.२०८०।८१ को अर्धबार्षिक समिक्षा कार्यक्रम मितिः२०८०।१०।२९ गतेको दिन बिहानको १० बजे बाट गर्ने।</td></tr>
<tr><td>३</td><td>स्टक प्रमाणित सम्बन्धमा।</td><td>लेटाङ नगरकार्यपालिकाको मितिः२०८०।१०।०५ गतेको कार्यपालिका बैठक बाट निर्माण भएको नदिजन्य पदार्थ(ढुङ्गा) स्टक प्रमाणिकरण समितिबाट नापजाँच भई पेश भएको परिणामलाई प्रमाणित गर्नका लागि ७ दिने शार्वजनिक सूचना प्रकाशन गरी समय प्रदान गर्ने। साथै उक्त समय पश्चात प्रमाणित गरिएको स्टक २०८१ साल जेष्ठ मसान्त भित्रमा स्टक क्लियर गरिसक्नुपर्ने उक्त समयमा समेत स्टक क्लियर नगरेमा बाँकी सम्पूर्ण स्टक जफत गर्ने। स्टक प्रमाणित गर्ने फर्म व्यक्तिले प्रमाणित भएको स्टकमा नदिजन्य पदार्थ थप गर्न पाउने छैन, थप गरेको पाइएमा नियमानुसार कार्वाहि गर्ने।</td></tr>
<tr><td>४</td><td>डि.पि.आरको प्रस्ताव माग गर्ने सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका मार्फत गरिने परामर्श सेवाहरू खुला आशयपत्र माग गरी निर्माण गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>५</td><td>पत्रकार सम्मेलन</td><td>लेटाङ नगरपालिकाको आ.व.२०८०।८१ हिउँदे अधिबेशन साथै यस बर्षको अर्धबार्षिक समिक्षाको जानकारी प्रकाशन गर्न मितिः२०८०।११।०३ गतेका दिन पत्रकार सम्मेलन गर्ने।</td></tr>
<tr><td>६</td><td>पदपूर्तिका लागि कर्मचारी माग गर्ने सम्बन्धमा।</td><td>नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयबाट स्विकृत दरबन्दिमा रिक्त रहेका सम्पूर्ण पदहरू कोशी प्रदेश लोक सेवा आयोगमा माग गर्ने।
देहायः
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>तह</th><th>सेवा</th><th>समूह/उपसमूह</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>अधिकृतस्तर</td><td>सातौ</td><td>प्रशासन</td><td>सा.प्र</td><td>१</td></tr>
<tr><td>२</td><td>सहायकस्तर</td><td>पाँचौ</td><td>प्रशासन</td><td>सा.प्र.</td><td>२</td></tr>
</table></td></tr>
<tr><td>७</td><td>संगठन संरचना स्विकृती तथा कर्मचारी पदपूर्तिका लागि माग गर्ने।</td><td>नगरपालिकाबाट तयार भई १३औ नगरसभाबाट पारित भएको संगठन संरचना बमोजिम हालसम्म पदपूर्ति नभएका देहायका पदहरूका लागि प्रदेश लोक सेवा आयोगमा स्थायी पदपूर्तिका लागि माग गर्ने।
देहायः</td></tr>
</table>

		सि. नं.	पद	तह	सेवा	समुह/ उपसमुह	संख्या
		१	ईन्जिनियर	सातौ	ईन्जिनियरिङ	सिभिल/ वि. एण्ड आ.	१
		२	सब-ईन्जिनियर	पाँचौं	ईन्जिनियरिङ	सिभिल/ जनरल	१
		३	असिस्टेन्ट सब-ईन्जिनियर	चौथो	ईन्जिनियरिङ	इलेक्ट्रिक	१
		४	अधिकृतस्तर सातौं	सातौं	कृषि/भेटेरीनरी	भेटेरीनरी/प्रा. भेट	१
		५	कृषि अधिकृत	सातौं	कृषि	कृषि	१
		६	राजस्व अधिकृत	सातौं	प्रशासन	राजस्व	१
		७	सहायकस्तर पाँचौं	पाँचौं	प्रशासन	सा. प्र.	१
		८	सहायकस्तर पाँचौं	पाँचौं	न्याय	कानून	१
		९	तथ्याङ्क सहायक	पाँचौं	प्रशासन	विविध/ तथ्याङ्क	१
		१०	सहायकस्तर चौथो	चौथो	प्रशासन	सा. प्र.	४
		११	लेखा सहायक	पाँचौ	प्रशासन	लेखा	१
८	गिटी वालुवा ठेक्का सम्झौता सम्बन्धमा।	लेटाङ नगरपालिकाको आय ठेक्का चिसाङ,मोरङ्गी र तेलि खोलामा नदिजन्य पदार्थ उत्खन्न, संकलन तथा बिक्रि, ठेक्का नम्बर LM/MOR /NCB/REV/01-2080-81का लागि मितिः२०८०।०९।१९ गते सबै भन्दा बढि अङ्क कबोल गर्ने पाथिभारा क्यारियर प्रा.ली. इटहरी सुनसरी लाई सम्झौता गर्न आउने पत्र लेखिएकोमा उक्त फर्म/कम्पनीले सम्झौता गर्नका लागि आजको मितिबाट ७ दिन सम्मका लागि म्याद थप गर्ने। साथै उक्त समयअवधि भित्र समेत ठेक्का सम्झौता नगरेमा कानुनी कार्वाहीमा जाने।				
९	नगर प्रहरी प्रोत्साहन सम्बन्धमा।	नगर प्रहरीका रूपमा काम गर्ने लेटाङ नगरपालिका अन्तर्गतका कर्मचारीहरूलाई फागुन १ गतेबाट लागु हुनेगरी मोरङ जिल्ला दररेट बमोजिम नेपाल प्रहरीले प्राप्त गर्दै आए बमोजिमको रासन भत्ता उपलब्ध गराउने। साथै दमकल सेवा अन्तर्गतका जनशक्तिलाई समेत सोही बमोजिमको रासन भत्ता समान रूपमा मिलान गरी उपलब्ध गराउने।				
१०	शिक्षा बिकास मार्ग निर्माण सम्बन्धमा	लेटाङ नगरपालिका वडा नं ५ मा अवस्थित शिक्षा बिकास मार्ग निर्माणका लागि लागत अनुमान रू १ करोड ४१ लाख ५३ हजार ९ सय ७६ आएकोमा लेटाङ नगरपालिकाबाट बिनियोजित र उपभोक्ताबाट साझेदारी रकम गरी जम्मा				

		रू १. करोड बाट ठेक्का प्रक्रियमा जाँदा ठेक्का सम्झौतामा रकम अपुग भएमा अपुग रकम कार्यपालिकाबाट श्रोत सुनिश्चित गर्ने गरी ठेक्का प्रक्रियमा अगाडी बढाउने।
११	रकम बिनियोजन	१.लेटाङ नगरपालिका वडा नं ३ स्थित किर्तिमान जल उपभोक्ता समितिको माग निवेदन बमोजिम किर्तिमान टोलमा हिउँदे सिचाईको बिकल्पमा बनेको डिप ट्युवेलबाट सिचाई गरिआएकोमा भल्भले काम नगर्दा सिचाईमा असर परेको हुँदा काम नदिने भल्भ आउट्लेट खरिद तथा अन्य आवश्यक काम गर्नुपर्ने भएकाले प्राविधिक स्टमेट बमोजिम आवश्यक बजेट रू१४०,०००/- बिनियोजन गर्ने(श्रोतःखानेपानी आयोजना मर्मत संभार) २.जिवन विज्ञान लेटाङ मोरङ द्वारा श्री शान्ति भगवती मा.वि. प्रागणमा जीवन बिज्ञानका दर्शनदाता दार्शनिक एल.पी. भानु शर्मा बाट पूर्ण स्वास्थ्यको बिज्ञान बिषयक कार्यक्रमका लागि रू२५०००/- आर्थिक सहयोग गर्ने। (श्रोतःअन्य सामाजिक सहायता शिर्षकबाट) ३.श्री लक्ष्मी मा.बि. कक्षा ११ र १२ मा लेटाङ क्षेत्रबाट अध्ययनरत बिद्यार्थीहरूको शैक्षिक अवलोकन तथा अनुसन्धान भ्रमणका लागि आर्थिक सहयोग माग भएकाले रू२०००० (श्रोतः अन्य सामाजिक सहायता शिर्षकबाट) ४.लेटाङ नगरपालिका किरात याक्थुङ् चुम्लुङ् संस्थाबाट लिम्बु समुदायहरूको महान पर्व चासोक तङ्नाम तथा (उधौली पुजा) सम्पपन्नताको लागि अपुक रकम माग भएकोमा उक्त संस्थालाई रू२५०००/- प्रदान गर्ने(श्रोतः अन्य सामाजिक सहायता) ५.लेटाङ नगरपालिका वडा नं ३ मा बसोबास गर्ने पृथ्विमान कुरूम्बाङको बाखा मरेको भनी माग निवेदन तथा निज बिपन्न साथै क्षती भएको हो भनी वडा सर्जमिन सिफारिस भई आएकाले निजलाई राहत स्वारूप रू१०००० प्रदान गर्ने। (श्रोतः बिपद् व्यवस्थापन कोष) ६.नेपाल तामाङ घेदुङ नगर कार्य समिति, लेटाङ मोरङ द्वारा सांस्कृतिक बिबिधता जातिय एकता भन्ने मुल नाराका साथ २८६०औ सोनाम ल्होछार कार्यक्रम अन्तरजातिय झाँकी प्रदर्शन साथै बिबिध कार्यक्रमका लागि आर्थिक सहयोग माग भएकोमा उक्त संस्थालाई रू२५०००/- प्रदान गर्ने। (श्रोतः अन्य सामाजिक सहायता शिर्षकबाट) ७. लेटाङ नगरपालिकामा बिगत बर्षहरू झै छठ पुजा समारोह समिति मार्फत छट पुजा संञ्चालन भएको र उक्त पुजाको लागि आर्थिक सहयोग गरिदिनुहुन भनी यस कार्यालयमा माग निवेदन प्राप्त भएको हुँदा उक्त समितिलाई छटपर्व समारोह संञ्चालनका लागि रू३०००/- प्रदान गर्ने। (श्रोतःअन्य सामाजिक सहायता शिर्षकबाट)

		८.कमलपुर टोल टोल बिकास संस्थाले रन कमलपुर प्रतियोगिता आयोजना गर्न आवश्यक सहयोग रकम माग गरेकोमा कमलपुर टोल टोल बिकास संस्थालाई रू२५०००/- प्रदान गर्ने। (श्रोतः अन्य सामाजिक सहायता शिर्षकबाट) ९.लेटाङ नगरपालिका वडा नं ३ मा प्रधान कार्यालय रहेको चिसाङ फुटबल क्लवले २०८०।१०।०९ गते देखि खुल्ला नकआउट फुटबल प्रतियोगिता आयोजना गर्न आर्थिक सहयोग माग गरेकोमा उक्त फुटबल क्लबलाई रू२५०००/- प्रदान गर्ने। (श्रोतः खेलकुद प्रतियोगिता संचालन)